म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

वर्ष:१५ अङ्क:- २१२ २०८१ असार १० गते सोमबार 24 June 2024, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

**चट्याङबाट बच्ने उपाय:**

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धानुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्ग लगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## तीन तहको सरकारबीच समन्वयको अभाव: मन्त्री श्रेष्ठ



समाज संवाददाता

हेटौँडा: बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री गंगा नारायण श्रेष्ठले तीन तहका सरकारबीच समन्वय र सहकार्यको अभावमा संघीयताको उपलब्धी प्राप्त हुन नसक्ने बताउनुभएको छ । राज्य व्यवस्था परिवर्तनसँगै प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासका लागि तीन तहका सरकार बीच समन्वय, सहकार्य र सह-अस्तित्व अनिवार्य रहेको उहाँले बताउनुभएको छ ।

हेटौँडामा आइतबार आयोजित स्वयंसेवक व्यवस्थापन सूचना प्रणाली सम्बन्धी अभिमुखीकरण तथा तालिम कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री श्रेष्ठले अधिकार प्राप्तिका लागि विकेन्द्रीकरणको अवधारणा अनुसार संघीयता कार्यान्वयन गरिए पनि हालसम्म केन्द्र कै शासन कायम रहेको बताउनुभयो । संघीय सरकारले प्रदेश संरचनालाई ओझेलमा पार्ने काम गरिरहेको उहाँको भनाई छ ।

'संघीयता बलियो बनाउने भनेको तीन तहका सरकार बीच सहकार्य, समन्वय र सहअस्तित्वले हो । त्यसो हुन सकेको छैन । अधिकार प्राप्तिका लागि केन्द्रीकृत राज्य व्यवस्था फालेर संघीयता ल्याइयो । तर, अझै पनि केन्द्रीकृत शासन व्यवस्था नै कायम रहेको छ', मन्त्री श्रेष्ठले भन्नुभयो, 'प्रदेशलाई ओझेलमा पार्ने गरी संघीय सरकारले काम गरिरहेको छ । संघीय सरकारले प्रदेशसँग र प्रदेशले स्थानीय तहसँग समन्वय गर्नुपर्ने हो । तर, त्यसो भइरहेको छैन । संघले सोझै स्थानीय तहसँग जोडिएर काम गरिरहेको छ । जसले गर्दा प्रदेशको काम छैन भन्ने प्रश्नहरु उठिहेको छ ।'

मन्त्री श्रेष्ठले संविधानले व्यवस्था गरे अनुसारको नागरिकमा अधिकार पुऱ्याउन समन्वय र सहकार्य गर्दै संघीय व्यवस्थालाई बलियो बनाउने तथा समस्याहरु समाधानमा काम गर्नुपर्ने बताउनुभयो । उहाँका अनुसार सरकारले विपद् व्यवस्थापन तथा नियन्त्रणका लागि विपद् सुरक्षा संस्कृतिको रुपमा विकास गर्नुपर्ने हुन्छ । नागरिकलाई संस्कृतिको रुपमा विपद् व्यवस्थापन तथा नियन्त्रणका विषयहरु सिकाउनु पर्ने उहाँले धारणा राख्नुभयो । घरदेखि विश्वविद्यालयस्तरसम्म विपद् सुरक्षा संस्कृति पढाउने योजनासहित काम गर्नुपर्ने उहाँले बताउनुभयो । विपद् व्यवस्थापन तथ नियन्त्रणमा रैथाने सीप र वैज्ञानिक प्रणालीको संयोजन गरेर काम गर्नुपर्नेमा उहाँले जोड दिनुभएको छ ।

उहाँका अनुसार जलवायू परिवर्तनको असर न्यूनीकरणमा कार्वन उत्सर्जन गर्ने प्रमुख राज्यहरुले ध्यान दिन जरुरी छ । मानवीय क्रियाकलापका कारण वातावरणमा प्रभावका कारण जलवायु परिवर्तनको असर निरन्तर बढिरहेकाले विपद् जोखिम पनि उच्च भइरहेको उहाँको भनाई छ । नागरिकको तीव्र विकासको आकांक्षा र विकासको मोडलले विपद् जोखिमलाई बढाइरहेको उहाँले बताउनुभयो ।

प्रदेश सरकारले विपद् जोखिम न्यूनीकरणका लागि वातावरण अनुकुल विकासको मोडल अवलम्वन गरेको उहाँले बताउनुभयो । विकासको नाममा सडक पूर्वाधारको नयाँ ट्र्याक निर्माण भन्दा पनि स्तरीकरणमा सरकारले प्राथमिकता दिएको उहाँले जानकारी दिनुभएको छ । प्रदेश सरकारले विपद् जोखिम न्यूनीकरणका लागि स्वयंसेवक व्यूरो गठन तथा परिचालनको तयारी गरेको मन्त्री श्रेष्ठले बताउनुभयो । उक्त कार्य हाल ८ जिल्लाका ११ स्थानीय तहमा कार्यान्वयनको तयारी प्रदेश सरकारले गरेको उहाँले बताउनुभयो । सो कार्यक्रमका लागि प्रदेश सरकारले आगामी आर्थिक बर्षमा १ करोड रुपैयाँ बजेट विनियोजन गरेको उहाँले जानकारी दिनुभयो ।

## लागुऔषधसहित खरेल र अधिकारी पक्राउ

समाज संवाददाता

हेटौँडा: मकवानपुरको थाहा नगरपालिका-६, बज्रबाराहीबाट प्रहरीले लागुऔषध नाईट्रोभेटसहित २ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मोटरसाइकल चालक काठमाडौंको चन्द्रागिरी नगरपालिका-८, मातातीर्थका ३० बर्षीय अरबिन खरेल र पछाडी सवार कैलाली जिल्लाको टिकापुर नगरपालिका-६ का २७ बर्षीय अंकित अधिकारी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।

शनिबार बिहान ७ बजेर ३० मिनेटको समयमा कुलेखानी सडक खण्डमा लागुऔषध लुकाई छिपाई ल्याउँदै छ भन्ने विशेष सुचनाको आधारमा बज्रबाराही मकवानपुरबाट प्रहरी टोली खटिएको थियो । प्रहरी टोलीले हेटौँडाबाट काठमाडौंतर्फ जाँदै गरेको बा प्र ०६-०१ प ३७६६ नम्बरका मोटरसाइकललाई सुरक्षाजाँच गर्दा मोटरसाइकलमा सवार उनीहरुको साथबाट १० मिलिग्रामको लागुऔषध नाईट्रोभेट ११ फाईल (२२ पत्ता) फेला पारेको थियो । लागुऔषध नाईट्रोभेटसहित दुबैजनालाई नियन्त्रणमा लिई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुर ल्याइएको प्रहरीले जनाएको छ ।

## मकवानपुरका गाउँपालिकाको बजेट आज

समाज संवाददाता

हेटौंडा: मकवानपुरका स्थानीय तहहरुले आगामी आर्थिक वर्षको बजेट आज प्रस्तुत गर्दैछन् । जिल्लाका ७ वटा गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि आज सोमबार अनुमानित बजेट प्रस्तुत गर्ने भएका हुन् ।

जिल्लाको भीमफेदी गाउँपालिका, कैलाश गाउँपालिका, राक्सिराङ गाउँपालिका, मकवानपुरगढी गाउँपालिका, मनहरी गाउँपालिका, बकैया गाउँपालिका र बागमती गाउँपालिकाले आज सोमबार बजेट ल्याउने तयारी गरेका हुन् । ती गाउँपालिकाले शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट ल्याउने तयारी गरेका छन् ।

व्यावसायिक कृषि, उद्यमशिलाता विकास र शिक्षाको गुणस्तर वृद्धिमा गाउँपालिकाको बजेट केन्द्रित हुने जनाइएको छ । स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउनुका साथै सेवा प्रवाहलाई नागरिकको पहुँचमा पुऱ्याउने गरी बजेट कार्यक्रम ल्याउने तयारी रहेको छ । जिल्लामा १० मध्ये ३ स्थानीय तहले यसअघि नै बजेट सार्वजनिक गरिसकेका छन् । हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका र इन्द्रसरोवर गाउँपालिकाले बजेट ल्याइसकेका हुन् ।

## जङ्गली च्याउ खाँदा दलबहादुरको मृत्यु

समाज संवाददाता

हेटौंडा: मकवानपुरको राक्सिराङ गाउँपालिका-७, दुगुवाङमा जङ्गली च्याउ खाँदा दलबहादुर प्रजाको मृत्यु भएको छ । आइतबार बिहान दल बहादुरले जङ्गलबाट ल्याएको च्याउ पकाएर खाँदा दलबहादुरसहित परिवारका ५ जना बिरामी भएका थिए । च्याउ खाँदा गम्भीर बिरामी भएका ५५ बर्षीय दलबहादुर प्रजाको उपचारको क्रममा आइतबार साँझ ६ बजेर ३५ मिनेटको समयमा चितवनको भरतपुर अस्पतालमा मृत्यु भएको वडा अध्यक्ष रामबहादुर प्रजाले जानकारी दिनुभएको छ ।

जङ्गली च्याउ खाँदा दलबहादुरकी श्रीमति ४५ वर्षीया जालीमाया प्रजा, छोरी १५ वर्षीया रेन्जु प्रजा र ८ वर्षीया सविना प्रजा, छोरा १० वर्षीय सुसन प्रजा बिरामी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । बिरामी चारै जनाको अवस्था सामान्य रहेको र भरतपुर अस्पतालमा उपचाररत रहेको वडाअध्यक्ष प्रजाले जानकारी दिनुभएको छ ।

## ४ जिल्लामा एकैदिन ६ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडा: बागमती प्रदेशको ४ जिल्लामा एकैदिन ६ जनाको मृत्यु भएको छ । प्रदेशको रामेछाप, दोलखा, काभ्रेपलाञ्चोक र चितवन जिल्लामा ६ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । रामेछाप जिल्लाको रामेछाप नगरपालिका-५, माझीगाउँमा कोशी नदीमा डुबेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ६० वर्षीय जय बहादुर माझी रहेको प्रहरीले जानकारी दिएको छ ।

शनिबार बिहान ११ बजेर ३० मिनेटको समयमा माझी आफ्नै घरदेखि ३ सय मिटर दक्षिण पर्ने सुनकोशी नदि आसपासमा गाईबस्तु चराउन भनी गएका थिए । माझी कोशी नदी तर्ने क्रममा ट्युबबाट झरी नदिमा डुबेर बेहोस अवस्थामा फेला परेका थिए । माझीलाई उपचारका लागि सुनकोशी सामुदायिक अस्पतालमा खुर्कोट लगिएकोमा उपचारको क्रममा दिउँसो १ बजेर ३० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

दोलखा जिल्लाको शैलुङ गाउँपालिका-२, पाटाको थगाम जंगलको खोल्सामा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ५३ बर्षीय डिल बहादुर अधिकारी रहेको प्रहरीले जानकारी दिएको छ । अधिकारी गत सोमबार कसैलाई नसोधी घरबाट हिँडेकोमा शनिबार साँझ ६ बजेर ३० मिनेटको समयमा अधिकारी थगाम जंगलको खोल्सामा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल नगरपालिका-६, ढुङ्गाना बेशीमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा ६० वर्षीय चन्द्र दनुवार रहेको प्रहरीले जानकारी दिएको छ । शनिबार बिहान ९ बजेको समयमा दनुवार खेतमा जान्छु भनी घरबाट निस्केर हिँडेकोमा दिउँसो २ बजेर १० मिनेटको समयमा सडकको छेउमा मृत अवस्था फेला परेको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि धुलिखेल अस्पताल लगिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-१९, रामपुरमा अचेत अवस्थामा फेला परेका पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा गोरखा साविक थालजुङ गाउँपालिका-१ बस्ने ५९ वर्षीय आश बहादुर सार्की रहेको प्रहरीले जानकारी दिएको छ । शनिबार बिहान १० बजेको समयमा लक्ष्मीचोकको घाँसे झाडीमा सार्की अचेत अवस्थामा फेला परेका थिए । सार्कीलाई उपचारका लागि भरतपुर सरकारी अस्पताल लगिएकोमा बिहान १० बजेर ३५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

चितवन जिल्लाका ईच्छाकामना गाउँपालिका-६, कालीखोलास्थित त्रिशुली नदीमा शव फेला परेको छ । शनिबार त्रिशुली नदि किनारमा अन्दाजी ३५ वर्ष जस्तो लिङ्ग पहिचान हुन नसक्ने शव सडेर गलिसकेको अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ। यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-८, अशोकचोकमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा तनहुँ जिल्लाको भानु नगरपालिका-१२ घर भई हाल अशोकचोक बस्ने ५२ वर्षीय जुद्द बहादुर बुढा थापा रहेको प्रहरीले जानकारी दिएको छ । शनिबार साँझ ५ बजेर ३० मिनेटको समयमा थापा अशोकचोकमा मृत अवस्थामा फेला परेका थिए । मुचुल्कासहितको टोली खटी अनुसन्धान भइरहेको र शरीरमा चोट पटक नरहेको प्रहरीले जनाएको छ ।

## लागुऔषध गाँजासहित पाखिन पक्राउ

समाज संवाददाता

हेटौँडा: सिन्धुली जिल्लाको हरिहरपुरगढी गाउँपालिका-७, चिसापानीबाट प्रहरीले लागुऔषध गाँजासहित १ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा उदयपुर जिल्लाको कटारी नगरपालिका-६ घर भई हाल चिसापानी बस्ने ४६ बर्षीय कुमार पाखिन रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।

लागुऔषध गाँजा लुकाई छिपाई राखेको छ भन्ने विशेष सुचनाको आधारमा शनिबार प्रहरी टोलीले पाखिन सुतिरहेको गोठमा खानतलासी गर्दा बोरा तथा फलामको ड्रममा लुकाई-छिपाई राखेको अवस्थामा ६ सय १५ किलो लागुऔषध गाँजा बरामद गरेको थियो । लागुऔषध गाँजासहित पाखिनलाई नियन्त्रणमा लिई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सिन्धुली लगिएको प्रहरीले जानकारी दिएको छ ।

## मुख्यसचिव अर्यालविरुद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौँ: अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुख्यसचिव वैकुण्ठ अर्यालसहित ११ जना र एक कम्पनी गरी १२ विरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । अन्त:शुल्क स्टिकर छपाईमा भ्रष्टाचार गरेको भन्दै अख्तियारले मुख्यसचिव अर्यालसहितका अधिकारीविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको हो ।

बहालवाला मुख्यसचिवविरुद्ध नै भ्रष्टाचार मुद्दा लागेको यो नेपालको पहिलो घटना हो । मुख्य सचिव अर्याल नेपाल टेलिकमको टेरामक्स प्रविधि खरिदको सम्बन्धमा पनि मुछिएका व्यक्ति हुन् । यसबारेमा पनि अख्तियारले अनुसन्धान जारी राखेको छ । स्टिकर प्रकरणमा मुख्यसचिव अर्यालसहित सहसचिवद्वय रितेश शाक्य र टंक पाण्डे, उपसचिव गणेशविक्रम शाही र शाखा अधिकृत रविन्द्र पौडेललाई पनि अख्तियारले प्रतिवादी बनाएको छ । स्टिकर छपाईमा भुक्तानी भएको ६ करोड ८४ लाख ४५ हजार ६ सय रुपैयाँ प्रतिवादीहरूबाट जनहीरुपमा असुल उपर गर्नुपर्ने अभियोग पत्रमा छ । सञ्चार मन्त्रालय मातहतको सेक्युरिटी प्रिन्टिङ सेन्टरले २०७९ असोज ४ मा आन्तरिक राजस्व विभागका लागि अन्त:शुल्क स्टिकर छाप्न टेन्डर आह्वान गरेको थियो । भ्रष्टाचार मुद्दा दर्ता भएसँगै मुख्यसचिव अर्याल निलम्बित भएका छन् । मुख्यसचिव निलम्बित भएसँगै वरिष्ठ सचिव लिलादेवी गड्तौलाले निमित्त मुख्यसचिवको जिम्मेवारी पाएकी छिन् ।

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

**PTE/Ielts**

युरोपिय देशहरुमा शैक्षिक अवसर साथै विशेष गरी फिनल्यान्ड देशका लागि न्युनतम शुल्कमा शैक्षिक परामर्श सहित सेवा प्रदान ।

उत्कृस्ट जापानिज भाषा को लागि IDB Hetauda Education Consultancy !!
जहाँ जापानबाट फर्कनु भएको अनुभवी शिक्षकहरुद्वारा अध्यापन गराइने



Laya Shrestha



सम्पर्क : ०५७-५९०६४५
९८०२३७१४४४
ठेगाना : स्कूलरोड, हेटौंडा-४
प्रजा प्लाजा तेस्रो तल्ला

**IDB Education Consultancy pvt Ltd**

## सम्पादकीय

# घोषणा होइन, कार्यान्वयन आवश्यक

हाम्रो देश नेपालमा अनौठा अभ्यास र प्रचलन हुने गरेका छन् । यिनै मध्येको एउटा हो- अनिवार्य तथा नि:शुल्क शिक्षा लागू भएको घोषणा । पछिल्लो समय देशका विभिन्न स्थानीय तहले आफूलाई अनिवार्य तथा नि:शुल्क शिक्षा लागू भएको पालिका घोषणा गरिरहेका छन् । मकवानपुरको मकवानपुरगढी गाउँपालिकाले शनिबारमात्रै अनिवार्य तथा नि:शुल्क शिक्षा लागू भएको पालिका घोषणा गरेको छ । यसअघि जिल्लाका थाहा नगरपालिका र बागमती गाउँपालिकाले पनि अनिवार्य तथा नि:शुल्क शिक्षा लागू भएको पालिका घोषणा गरिसकेका छन् । बागमती प्रदेश सरकारसँगको सहकार्यमा स्थानीय तहहरुले अनिवार्य तथा नि:शुल्क शिक्षा लागू भएको घोषणा गरिरहेका हुन् । देशको संविधान, संघीय ऐन तथा नियमावलीले अनिवार्य तथा नि:शुल्क शिक्षाको व्यवस्था गरिसकेको अवस्थामा गाउँपालिकाले घोषणा गर्नुले देश उल्टो गतिमा हिँडेको आभाष गराउँदछ ।

नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकअन्तर्गत राख्दै आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क हुने व्यवस्था छ । संविधानको उक्त व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकारले अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन २०७५ र अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा ल्याइसकेको छ । त्यतिमात्र नभई संघीय शिक्षा मन्त्रालय तथा प्रदेशका शिक्षा व्यवस्थापनको जिम्मा पाएका मन्त्रालयहरुले पनि यो व्यवस्था कार्यान्वयनका लागि विभिन्न निर्देशिका, कार्यविधि, मापदण्ड आदि जारी गर्दै आएका छन् । यी सबै कानुनी र नीतिगत व्यवस्थाले देशमा आधारभूत तह (कक्षा १ देखि ८) सम्म अनिवार्य र नि:शुल्कका साथै माध्यमिक तह (कक्षा ९ देखि १२) सम्म नि:शुल्क शिक्षाको व्यवस्था भइसकेको छ । यसरी संघीय तथा प्रदेश कानुन, नीति, नियम र निर्देशिकाले अनिवार्य तथा नि:शुल्क शिक्षाको व्यवस्था गरे पनि व्यवहारमा लागू हुन सकेको छैन । तीनै तहको सरकारले नि:शुल्क शिक्षाका लागि आवश्यक साधन, स्रोतको व्यवस्थापन नगर्दा र अनिवार्य शिक्षाका लागि बाध्यकारी व्यवस्था लागू नहुँदा यो नियम कानुनमै सिमित भएको छ ।

अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५ को परिच्छेद-३ (दफा १९) अनुसार वि. सं. २०८५ वैशाख १ गतेसम्म आधारभूत शिक्षा प्राप्त नगरेको नागरिक, सरकारी, निजी क्षेत्रका नियुक्ति, मनोनयन तथा रोजगारीका लागि अयोग्य हुनेछन् । त्यसैगरी उनीहरु कुनै पनि कम्पनी, फर्म, सहकारी तथा गैरसरकारी संस्थाको स्थापना गर्ने र त्यस्ता संस्थाका सेयरधनी वा पदाधिकारीसमेत हुन सक्ने छैनन् । ऐनको यो व्यवस्थाले अबको ४ वर्षपछि कक्षा ८ उत्तीर्ण नगरेका नेपाली धेरै कुराका लागि अयोग्य हुने देखिन्छ । ऐन, कानुनमा व्यवस्था गर्ने तर कार्यान्वयनका लागि उचित वातावरण नबनाउने सरकारी रबैयाका कारण अनिवार्य र नि:शुल्क शिक्षाको व्यवस्था अन्यौलमा परिरहेको छ । अर्कोतिर, मुलुकमा निजी र सामुदायिक दुई प्रकारको शिक्षा प्रणाली विद्यमान रहेको अवस्थामा कसरी नि:शुल्क शिक्षा सम्भव छ ? सरकारले केही सोचेकै छैन जस्तो लाग्छ ।

माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा आएको अवस्थामा स्थानीय तहले अनिवार्य तथा नि:शुल्क शिक्षा लागू भएको घोषणा गर्नु सकारात्मक काम हो । आफ्नो पालिकाभित्रका सबै बालबालिकालाई विद्यालय शिक्षामा संलग्न गराउँदै नि:शुल्क शिक्षा प्रदान गर्न गाउँ/नगर पालिका अग्रसर बन्नुले दशकौंदेखिको अनिवार्य तथा नि:शुल्क शिक्षाको नारालाई सार्थकता दिने आशा गर्न सकिन्छ । तर, अहिलेकै शिक्षा नीति, अहिलेकै शैक्षिक व्यवस्थापन, शिक्षामा अहिलेकै जस्तो बजेटले कसरी अनिवार्य र नि:शुल्क शिक्षा दिन सकिन्छ ? सोचनीय विषय बनेको छ । संघीय शिक्षा ऐन नबन्दा प्रदेश र स्थानीय तहले शिक्षा ऐन बनाएर लागू गर्न सकेका छैनन् । संघ, प्रदेश र स्थानीय तहबीच शिक्षाको अधिकार र स्रोत साधन स्पष्ट बाँडफाँड हुन सकेको छैन । संघ र प्रदेश सरकारले अनिवार्य र नि:शुल्क शिक्षा घोषणाका लागि स्थानीय तहलाई निर्देशिन दिएकै भरमा घोषणामात्र गर्दै जाने तर कार्यान्वयन नहुने हो भने त्यस्तो घोषणाको अर्थ रहँदैन । स्थानीय तहहरुले अनिवार्य र नि:शुल्क शिक्षा घोषणाभन्दा पनि कार्यान्वयनका लागि आवश्यक स्रोत साधनको सुनिश्चितता गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल




पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : यान वाहनसँग विशेष सजगता अपनाउँदा राम्रो ।
**वृष** : मनोरञ्जनमा रमाइने समय योग रहेको छ ।
**मिथुन** : आत्मबलले काममा पूर्णता प्राप्त गर्ने समय छ ।
**कर्कट** : ज्ञान र प्रज्ञा बढाउने समय योग रहेको छ ।
**सिंह** : आपसी तालमेल मिलाउँदा कठिनता आइपर्ला ।
**कन्या** : परिश्रमको राम्रै प्रतिफल पाइने समय योग छ ।
**तुला** : आत्मीय प्रेमको अनुभूति हुने समय योग छ ।
**वृश्चिक** : काममा जोस जाँगर बढ्ने समय योग छ ।
**धनु** : कल्पना र भावनामा रमाइने समय योग छ ।
**मकर** : व्यापार–व्यवसायबाट लाभ प्राप्त हुनेछ ।
**कुम्भ** : नाम र प्रतिष्ठा कमाइने समय योग रहेको छ ।
**मीन** : आफन्तले नि: स्वार्थ भावले सहयोग गर्नेछन् ।

# युवाकै कारण बर्बादीमा देश

**आज एक युवा राजनीतिप्रति घृणा व्यक्त गर्दै, दल र नेताहरूलाई धिक्कार्दै 'विदेश पलायन' भएको छ। अर्को युवा राजनीतिलाई नै लुटिखाने पेशा बनाएर 'सच्चा देशप्रेमी' बनिटोपलेको छ। युवाका दुवै सोच र क्रियाकलापका कारण देश अप्ठ्यारोमा पुगेको छ।**







✍श्रीप्रसाद देवकोटा

इतिहासलाई अध्ययन गर्ने हो भने हरेक राजनीतिक आन्दोलनमा युवाहरूको योगदान अतुलनीय र महत्वपूर्ण देखिन्छ । १९९६ सालको राणाविरोधी आन्दोलन, २०३६ र २०४६ सालको जनआन्दोलन, २०५२ सालमा सुरु भएको माओवादी युद्ध, मधेश आन्दोलन र पछिल्लो २०६२-६३ सालको जनआन्दोलनमा हजारौं शहीद, घाइते, अपाङ्ग र बेपत्ता, लाखौं विस्थापित हुनपुगे । यी आन्दोलनमा युवाहरूको योगदान अतुलनीय थियो ।

मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रमा पुऱ्याउन मुख्यतः राजनैतिक दलहरू र विशेषगरी दलभित्रका युवाहरूको त्याग, बलिदान र समर्पण मुख्य छ। अझ भनौं युवा त्याग र बलिदानको उपज नै संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल हो ।

नेपालको संविधान २०७२ मार्फत नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा परिभाषित गरियो। त्यस पश्चात् राजनैतिक वृत्तमा एक भाष्य निर्माण गरियो ।

मुलुकमा राजनैतिक आन्दोलन सफल भएको र अबको राजनैतिक कार्यदिशा विकास र समृद्धिमा केन्द्रित हुने रटान सबै दलहरूले आ-आफ्ना राजनैतिक घोषणापत्र मार्फत प्रस्तुत गरे । नागरिक समाज, बुद्धिजीवी र प्रबुद्ध वर्गले पनि यस कुराको खुलेरै समर्थन गरे ।

नागरिकमा पनि सकारात्कता देखिन्थ्यो, विशेषगरी युवा वर्गमा। लामो समयसम्म राजनैतिक आन्दोलन र प्रदर्शनका कारण सुस्ताएको विकास र अर्थतन्त्र बौरिने आश थियो।तर चीनको वुहानबाट सुरु भएर विश्वका १८८ देशमा फैलिएको कोभिड-१९ महामारीको कारण मुलुकले नयाँ आर्थिक र सामाजिक संकटको सामना गर्नुपऱ्यो । यसको बहुआयामिक असरले नछोएको कुनै क्षेत्र रहेन ।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) को तथ्याङ्क अनुसार महामारीले नेपालमा मात्र १२ हजारभन्दा बढीको ज्यान लियो ।

यसैगरी अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को 'कोभिड-१९ ले नेपालको श्रमबजारमा पारेको प्रभाव' विषयक अध्ययन प्रतिवेदनले कोरोना महामारी तथा बन्दाबन्दीका कारण नेपालमा ३७ लाखको रोजगारी गुमेको तथ्य प्रकाशित गरेको छ ।

अर्कोतर्फ राष्ट्रिय योजना आयोगको अगुवाइमा सङ्कलन गरेको तथ्याङ्क अनुसार २०७२ सालको भूकम्पको कारण ८ हजार ८९१ जनाभन्दा बढीको ज्यान गुमेको, २२ हजार ३०० भन्दा बढी घाइते र ३५ लाख मानिस घरबारविहीन भएका थिए र लाखौंको रोजगारी गुमेको थियो । सो भूकम्पका कारण हजारौं पहिरोहरू पनि गएका छन् जसले समुदाय र महत्वपूर्ण पूर्वाधारहरूमा पनि ठूलो क्षति पुऱ्याएको छ ।

यी दुई घटनाका कारण मुलुकको अर्थतन्त्र गम्भीर समस्यामा पऱ्यो । धेरै कलकारखाना, उद्योग, व्यापार बन्द हुनपुगे । लाखौंको रोजगारी पनि गुम्यो । नागरिकमा चरम निराश बढ्दै गयो ।

मुलुकले करिब दर्जन जति ठूला राजनैतिक आन्दोलन भोगिसकेको छ । हजारौंको मृत्यु, कैयौं बेपत्ता, हजारौं घाइते, कैयौं परिवार विस्थापित छन्। राजनीतिक आन्दोलनले चरण-चरणमा थला परेको मुलुक बितेको दश वर्षमा कोरोना महामारी र भूकम्पको ठूलो चोटले झनै प्रताडित बन्यो ।

विभिन्न अध्ययन र शोधपत्रहरूले विभिन्न मुलुकमा राजनीतिक पद्धति परिवर्तन पश्चात् देश राजनीतिक स्थिरतातर्फ उन्मुख भएको निचोड प्रस्तुत गरेका छन्। इतिहासको कुनै कालखण्डमा प्राकृतिक विपत्ति वा ठूलो द्वन्द्व भोगेका मुलुकहरू अर्को कालखण्डमा तीव्र आर्थिक विकास र समृद्धि गर्न सफल भएका धेरै उदाहरण उल्लेख गरेका छन् ।

प्रत्येक घटना/दुर्घटनाको पछाडि सिकाइ र अवसरहरू हुन्छन् । तर हाम्रो मुलुकले इतिहासमा जुनै संकट भोगे पनि त्यसको सम्भावनाको कुनै अवसर लिन सकेन । यसको पछाडि विभिन्न कारण छन् । मुख्यतः अहिलेको युवा पुस्ता प्रमुख कारण हो ।

हिजो, राजनैतिक आन्दोलनमा त्याग र बलिदानका लागि युवा पुस्ताबीच हानथाप देखिन्थ्यो । व्यक्तिगत र पारिवारिक जीवन त्यागेर आन्दोलनको अग्रदस्तामा युवाहरूको ठूलो संख्या थियो ।

युवामा भोक र शोकको कुनै पर्वाह थिएन । फलस्वरूप विभिन्न कालखण्डका राजनैतिक आन्दोलन सफल रहे र राजनैतिक उपलब्धिलाई संविधान मार्फत संस्थागत गरियो । यसकारण राजनैतिक आन्दोलन हिजोका युवाहरूको त्याग र तपस्याकै कारण सफल भएको मान्न सकिन्छ ।

जब मुलुक आर्थिक समृद्धि र विकासको चरणमा प्रवेश गऱ्यो, योगदान गर्ने युवाहरू व्यक्तिगत स्वार्थ र राजनैतिक कित्ताकाटमा विभाजित हुनपुगे । विशेषगरी दुई सोच युवामा देखियो । एक विदेश पलायन हुने, अर्को राजनैतिक दलको आवरणमा लुटतन्त्र मच्चाउने ।

ग्रामीण भूगोल र न्यून आर्थिक स्तर भएका युवाहरूको रोजगारीको गन्तव्य अरबका खाडी मुलुक र मलेसिया, दक्षिण कोरिया बनेको छ । राष्ट्र बैंकको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको ६ महिनामा मात्र रोजगारीका लागि ३ लाख ४३ हजार ४०५ जनाले मुलुक छोडेका छन् ।

यसैगरी पढेलेखेका र आर्थिक स्तर सबल भएका युवा उच्च शिक्षाको गन्तव्य अमेरिका, अस्ट्रेलिया र क्यानडा बनेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय वैदेशिक अध्ययन अनुमति शाखाका अनुसार चालु आर्थिक वर्षको ६ महिनामा ८५ हजार ७५ जना विदेशिएका छन् । ६ महिनामा उच्च शिक्षा अध्ययनका नाममा ५८ अर्ब ९५ करोड १ लाख रूपैयाँ बाहिरिएको हो ।

बहु-विश्वविद्यालयको अवधारणा बमोजिम हाल दर्जनभन्दा बढी विश्वविद्यालयहरु र आधा दर्जन जति प्रतिष्ठानहरू सञ्चालनमा छन् । विश्वविद्यालय र प्रतिष्ठानहरूमा रहेका सामुदायिक, आंगिक र निजी गरी जम्मा १ हजार ४३२ क्याम्पसहरू सञ्चालनमा रहेका छन् ।

हिजो ४० सिटमा भर्नाका लागि हजारौं आवेदन पर्ने विषयहरूमा आज विद्यार्थी पाउन मुस्किल छ । यसले हाम्रा विश्वविद्यालयको विश्वसनीयता र गुणस्तरमा प्रश्न उब्जाएको छ ।

अर्कोतर्फ चालीस-पचास लाखको सम्पत्ति देखाएर विदेश पुगेका युवाहरूको गन्तव्य विश्वविद्यालय र अध्ययन हैन, काम र दाम बन्न पुगेको छ । विश्वविद्यालयको शुल्क, विदेश जाँदाको ऋण र त्यहाँको बसाइ खर्च धान्नका लागि जस्तोसुकै काम गर्न बाध्य छन् ।

घरमा सामान्य काम नगरेका हाम्रा युवायुवती त्यहाँ गएर के काम गर्छन्, कसैलाई थाहा छैन । विदेशबाट फर्किएकाहरूले पनि यो काम गर्छौं भनेर कसैका सामु भन्दैनन् । काम र बसाइको बारेमा भन्न प्रायःले हिच्किचाउँछन् । यसले विदेशमा नेपाली र उनीहरूको दैनिकी कसरी गुज्रिएको छ, सजिलै बुझ्न सकिन्छ ।

गत चुनावमा काङ्ग्रेस, एमाले र माओवादीले मात्र वाचा गरेको संख्यालाई हेर्ने हो भने पाँच वर्षभित्र मुलुकमा बेरोजगारी अन्त्य हुने देखिन्छ । नेपाली कांग्रेसले पाँच वर्षमा १२ लाख ५० हजार, एमालेले ५ लाख र माओवादीले २० लाख रोजगारी सिर्जना गर्ने वाचा गरेको थियो । उक्त वाचाको करिब दुई वर्ष बितिसकेको छ, तर कहाँ कतिलाई रोजगारी सिर्जना गरियो कुनै तथ्य छैन । यसले हाम्रा राजनैतिक पार्टी र नेतृत्व कति गैरजिम्मेवार छन् भन्ने पुष्टि हुन्छ ।

शिक्षा वा रोजगारी जुनै माध्यमबाट भए पनि विदेशिनु हाम्रो बाध्यता हो कि रहर ? किन मुलुकमा नै खोजिँदैन विकल्प ?

घरखेत बन्धक राखेर रोजगारी र उच्च शिक्षाका लागि विदेश पठाउन पचास लाख खर्च गर्ने परिवारले मुलुकमा नै त्यही रकम लगानी गरेर उनीहरूलाई अगाडि बढ्न किन प्रेरित गर्दैनन् ? मुलुकमा नै युवा रोक्नभन्दा पनि वैदेशिक यात्रालाई सहज बनाउन सरकार किन लागिराखेको छ ? यी प्रश्नहरुले परिवार, समाज र मुलुक नै जेलिएको छ ।

लाखौं मानिसलाई रोजगार सिर्जना गर्न सक्ने (विराटनगर जुटमिल, गोरखकाली रबर उद्योग, भृकुटी कागज कारखाना, बाँसबारी छालाजुत्ता उद्योग, बालाजु कपडा उद्योग, हिमाल सिमेन्ट, हरिसिद्धि इँटा टायल उद्योग, काँचो छाला संकलन तथा बिक्री उद्योग, रघुपति जुट मिल्स, नेपाल चिया विकास उद्योग) लगायत दर्जनौं उद्योगहरू बेचिएको छ । कोही किन बोल्दैन ? कोही बोल्नेवाला छैन किनकि उसको दल मिसिएको छ, उसको नेता मिसिएको छ ।

अहिले देशभित्र युवाशक्तिको अभाव छ । हिजो रोजीरोटीले गाउँका गाउँ रित्तिएका थिए । आज शिक्षाको नामले शहरहरु रित्तिएका छन् । गाउँ र शहर दुवैमा मलामी र जन्ती जाने युवाहरु भेटिंदैनन् । संस्कार र संस्कृति रित्तिएको छ ।

गाउँबस्तीका कृषि व्यवसाय संकटग्रस्त हुन थालेका छन् । शहरका कलकारखाना र उद्योगहरु बन्द भएका छन् । कृषिदेखि उद्योग सञ्चालनका लागि छिमेकी मुलुकबाट श्रमिकहरु आयात गर्नुपरेको छ । वैदेशिक रोजगारी र उच्चा शिक्षाले मुलुकको श्रम बजार थलिएको छ ।

अर्कोतर्फ देश नछाड्ने युवाहरु राजनीतिमा छन्, कोही युवा दस्तामा त कोही विद्यार्थी संघ संगठनमा । औपचारिक कार्यक्रम र बहसमा निकै राष्ट्रसेवी र मुलुकको समृद्धिको लागि आफ्नै मुलुकमा त्याग, बलिदान र योगदान गर्ने बताउँछन् । तर वास्तविकता पृथक् छ ।

राजनीतिक पहुँचको आडमा तस्करका मतियार बनेका छन् । वडाध्यक्षदेखि संघका मन्त्रीको वरिपरि रहेर शक्तिको आडमा तस्करी र अवैधानिक काम गर्छन् । कर्मचारीको सरुवा, बढुवा, तस्करीबाट आफ्नो दैनिकी चलाउँछन् । कुनै देखिने पेशा, रोजगारी वा पैतृक सम्पत्ति नभएका कथित राष्ट्रसेवक युवाहरूको उच्च तहको जीवनयापन छ । न त दलहरूले यसको अनुसन्धान गरेका छन् न त सरकारले नै । उल्टै राजनैतिक संरक्षण छ ।

बाहिर आएका अधिकांश भ्रष्टाचारका घटनामा युवा नेताहरूको संलग्नता देखिएको छ । सामाजिक सञ्जालको दबाबका कारण केहीलाई अनुसन्धानको दायरामा ल्याइए पनि प्रक्रिया पुऱ्याएर छोडिएको छ । राजनीतिमा भिज्न र टिक्न निर्वाचन प्रणाली महँगो हुने भएकोले पनि राजनीति गर्ने अधिकांश युवा तस्कर, गुण्डा, बिचौलियाको रूपमा प्रयोग भएका छन् ।

अन्त्यमा, आज एक युवा राजनीतिप्रति घृणा व्यक्त गर्दै, दल र नेताहरुलाई धिक्कार्दै विदेश पलायन भएको छ । अर्को युवा राजनीतिलाई नै लुटिखाने पेसा बनाएर सच्चा देशप्रेमी बनिटोपलेको छ । युवाका दुवै सोच र क्रियाकलापका कारण देश अप्ठ्यारोमा पुगेको छ ।

वैदेशिक रोजगारी र शिक्षाले व्यक्ति र परिवारको आर्थिक अवस्था मजबुत त होला तर देश बन्नेवाला छैन। युवाको राजनैतिक बिचौलियाको रोलले व्यक्ति र दल बलियो होला तर मुलुक बन्नेवाला छैन ।

युवाको काँधमा देश विकासको उत्तरदायित्व र आवश्यकता हुन्छ । खास-खास चरणमा युवाहरूको त्याग, बलिदान र योगदान मुलुकका लागि अत्यावश्यक हुन्छ ।

मुलुक बनाउने जिम्मा युवाहरूकै हो । तर हाम्रा युवाहरू पन्छिएका छन् । युवाले समस्या देखाएर भाग्ने हैन, समाधान गर्ने हो । हिजोको राजनैतिक आन्दोलनहरू युवा बलिदान र त्यागकै कारण सफल भएका हुन् । तर देशमा भ्रष्टाचार, बेथिति र अविकास आजका युवाकै कारण मौलाएको हो ।

अहिलेका विकसित मुलुकहरू कुनै पनि रेमिट्यान्स र दातृराष्ट्रको सहयोगले समृद्ध बनेका हैनन् । आफ्नै युवाको रगत र पसिनाले समृद्ध बनेका हुन् । देश समृद्ध बन्दा समाज र परिवार पनि समृद्ध बन्छ । यसैले युवाहरूले सोच्ने बेला आएको छ ।

*(स्रोतः अनलाईनखबर)*

# सार्वजनिक शिक्षा सुधार्न सम्मेलन




समाज संवाददाता

हेटौंडाः शिक्षाका लागि राष्ट्रिय अभियान (एनसीई) नेपाल बागमती प्रदेश समितिको आयोजनामा बागमती प्रदेशस्तरीय सार्वजनिक शिक्षा सम्मेलन आइतबार सम्पन्न भएको छ। हेटौंडामा भएको कार्यक्रममा सार्वजनिक शिक्षाका विषयमा तीनवटा प्रस्तुति भएका थिए।

बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयका शिक्षा महाशाखा प्रमुख खुबिराम अधिकारी, शिक्षाका लागि राष्ट्रिय अभियानका कार्यकारी व्यवस्थापक राम गैरे र हेटौंडा-४, कर्रास्थित श्रमिक माविका प्रधानाध्यापक श्रीराम दाहालले छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

एनसीई बागमती प्रदेश समितिका अध्यक्ष प्रकाश खतिवडाको अध्यक्षता तथा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको प्रमुख आतिथ्यमा सम्मेलनको उद्घाटन भएको थियो। उद्घाटन समारोहमा बागमती प्रदेश सरकारको सामाजिक विकासमन्त्री कुमारी मोक्तान, बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठ, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, संविधानसभा सदस्य प्रल्हाद लामिछाने, चितवन जिल्लाको खैरहनी नगरपालिकाका प्रमुख शशी खनियाँ, एनसीईका अध्यक्ष राजेन्द्र पहाडीको पनि आतिथ्य रहेको थियो।

शिक्षाका लागि राष्ट्रिय अभियान सार्वजनिक शिक्षामा सबै बालबालिकाको सहज पहुँच तथा गुणस्तरीय शिक्षाको विषयमा पैरवी गर्दै आएको संस्था हो। कार्यक्रममा मुख्यमन्त्री जम्कट्टेलले शिक्षा प्रणाली परिवर्तन गर्नुपर्ने बताउनुभयो। उहाँले शिक्षालाई व्यवहारिक र प्राविधिक तथा सीपयुक्त बनाउनुपर्ने औंल्याउनुभयो। शिक्षामा भएको बेथितिको कारण राज्यले लगानी गरेर पढाएका विद्यार्थी नेपालमा नटिकेकोमा उहाँले गुनासो गर्नुभयो। शिक्षा क्षेत्रको समस्या समाधान गर्न पाठ्यक्रम र परीक्षा प्रणाली बदल्नुपर्नेमा उहाँले जोड दिनुभयो। भारत, चीन, युरोपलगायतका पाठ्ययक्रम नेपालका शिक्षा क्षेत्रको सरोकारवालाहरुले अध्ययन गर्नुपर्ने उहाँको भनाइ छ।

सम्मेलनले २१ बुँदे घोषणापत्र जारी गरेको छ। सार्वजनिक शिक्षाको रुपान्तरणका निमित्त संघ, स्थानीय तथा प्रदेश सरकारहरुले आफ्नो कूल बजेटको कम्तिमा २० प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी गर्नुपर्ने, स्थानीय सरकारलाई स्थानीय साधन स्रोतको व्यवस्थापन र परिचालन गर्न क्षमता अभिवृद्धि प्रदेश सरकारले गर्नुपर्ने, शिक्षा क्षेत्रको बजेटमा बढ्दै गएको बेरुजु घटाउनु पर्ने, गुणस्तरीय सिकाइका आधारभूत पक्षहरुमा पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने, शिघ्र र पारदर्शी बजेट कार्यान्वयनका लागि नागरिक संयन्त्र व्यवस्था गर्नुपर्ने घोषणापत्रमार्फत् भनिएको छ।

प्रदेश सरकारले सार्वजनिक शिक्षामा स्थानीय तहलाई सहजीकरण र क्षमता अभिवृद्धि गर्नुपर्ने, निःशुल्क र अनिवार्य शिक्षाको कार्यान्वयनको लागि सरकारले आर्थिक, कानुनी र नीतिगत जवाफदेहिता बहन गर्नुपर्ने तथा स्थानीय र समुदायस्तरमा अनुगमन संयन्त्र निर्माण गर्ने भनिएको छ। विद्यालयहरुलाई विपदवाट सुरक्षित राख्न पूर्वाधारका लागि बजेटमा व्यवस्था गर्नुपर्ने, स्थानीय तहमा शिक्षा समूह निर्माण गरी नागरिक समाजको अनिवार्य प्रतिनिधित्वमा छलफल गर्नुपर्ने, अपांगमैत्री तथा बालमैत्री वातावरणमा पठनपाठन व्यवस्था मिलाउनुपर्ने, बालविकासको पाठ्यक्रम र कक्षा १ देखि ३ सम्मका कक्षाहरुको एकीकृत पाठ्यक्रमअनुसार प्रारम्भिक कक्षाहरुमा अध्यापन गराइनुपर्ने, विद्यालयमा निरन्तर सिकाइ मूल्यांकन प्रणाली लागू गर्नुपर्ने, कक्षाकोठालाई प्रविधिमा आधारित डिजिटल साक्षरता र अनलाइन शिक्षण विधिहरुको पहुँचको व्यवस्था मिलाउनुपर्ने, स्थानीय र प्रदेश सरकारबाट निर्माण गरिने पाठ्क्रमलाई ज्ञान, जीवनउपयोगी सीप, प्रविधिको प्रवर्द्धन दिने कार्यक्रम निर्माण गर्नुपर्नेलगायतका माग घोषणापत्रमा उल्लेख गरिएको छ।

# आनन्द भैरवका विद्यार्थीलाई शैक्षिक सामग्री र पोशाक



समाज संवाददाता

हेटौंडाः हेटौंडा-११ स्थित आनन्द भैरव आधारभुत विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री र विद्यालय पोशाक वितरण गरिएको छ। वडा कार्यालयको सहयोगमा आइतबार एक लाख रुपैयाँ बराबरको शैक्षिक सामग्री र विद्यालयको पोशाक वितरण गरिएको हो।

वडा कार्यालयले चालु आर्थिक वर्ष २०८०-८१ को शैक्षिक कार्यक्रमअन्तर्गत २ लाख ५० हजार रुपैयाँको बजेटबाट कक्षा इसीडीदेखि कक्षा-८ सम्मका विद्यार्थीलाई एक लाख रुपैयाँ बराबरको कापी, कलम र अन्य विद्यार्थीलाई पोशाक वितरण गरिएको विद्यालयका प्रधानाध्यापक कृष्ण खनालले जानकारी दिनुभएको छ।

वडा कार्यालयको प्रस्तावना अनुसार केजी कक्षाको सहजकर्ताको साढे दुई महिनाको पारिश्रमिक स्वरुप ५० हजार रुपैयाँ, विद्यालयको फोहोर व्यवस्थापन र डस्टवीनका लागि १५ हजार रुपैयाँ र शौचालय सरसफाई सामग्री खरिद तथा सरसफाई पारिश्रमिक स्वरुप ५० हजार रुपैयाँ छुट्याएको प्रधानाध्यापक खनालले बताउनुभयो। कार्यक्रममा अभिभावकको उपस्थितिमा २ लाख ५० हजार रुपैयाँको खर्च सम्बन्धी जानकारी पनि गराइएको छ। ८ कक्षासम्म पठनपाठन हुने विद्यालयमा १ सय ४८ जना विद्यार्थी अध्ययनरत छन्। कक्षा इसीडीदेखि २ कक्षासम्म अङग्रेजी र नेपाली माध्यममा पढाई हुने गरेको बताउहुँदै आगामी बर्षदेखि कक्षा-८ सम्म अङ्गेजी माध्यमको कक्षा सञ्चालनमा ल्याउने योजना रहेको उहाँले बताउनुभयो।

अङ्ग्रेजी माध्यमको कक्षालाई सक्रिय रुपले अगाडि बढाउनका लागि पहल गर्ने उहाँको भनाई छ। शिक्षक अभिभावक संघका अध्यक्ष लक्ष्मी कार्कीको सभाध्यक्षता तथा वडाध्यक्ष जुना दहालको प्रमुख आतिथ्यमा शैक्षिक सामग्री तथा पोशाक वितरण कार्यक्रम भएको हो। कार्यक्रममा विद्यालय व्यस्थापन समितिका सदस्य राम बहादुर थोकर, राधिका पौडेल लगायतको उपस्थिति रहेको थियो।

## ब्रह्मदिक् एकेडेमीमा निर्वाचन

# ४ सदनमा क्याप्टेन छानिए

समाज संवाददाता


हेटौंडाः हेटौंडा-४, कमलडाँडास्थित ब्रह्मदिक् एकेडेमीमा शुक्रबार नमूना मतदान अभ्यास भएको छ। विद्यार्थीलाई सामाजिक शिक्षा अध्ययनको नागरिक चेतना एकाई अन्तर्गत निर्वाचन प्रणाली र दलहरूबारे जानकारी दिन तथा प्रतिनिधि सभा र प्रदेश सभा साथै स्थानीय तहका प्रतिनिधिहरु प्रत्यक्ष निर्वाचन प्रणालीबारे जानकारी गराउन निर्वाचनको अभ्यास गरिएको विद्यालयले जनाएको छ।

मकवानपुर जिल्लाबाट बाग्मती प्रदेश सभाका लागि ४ क्षेत्रबाट ४ जना छानिए जस्तै विद्यालयका ४ वटा सदनलाई नै ४ वटा क्षेत्र मानेर निर्वाचनको अभ्यास गरिएको थियो। निर्वाचनमा ४ कक्षादेखि १० कक्षासम्मका विद्यार्थीलाई मतदानको अवसर प्रदान गरिएको थियो। निर्वाचनमा ४ सय १५ जना विद्यार्थीले मतदान गरेका थिए। हेटौंडास्थित निर्वाचन आयोगको बागमती प्रदेश कार्यालयबाट आम निर्वाचनमा प्रयोग हुने सामग्री नै व्यवस्थापन गरेर निर्वाचनको अभ्यास गरिएको थियो। निर्वाचनबाट निलो सदनबाट प्रियान्सु पोखरेल, हरियो सदनबाट सिवांशु जंग पाण्डे, पहेँलो सदनबाट इच्छा लामा र रातो सदनबाट स्तुति गुरागाईं निर्वाचित हुनु भएको छ। निर्वाचित विद्यार्थीलाई आइतबार विद्यालयका प्रिन्सीपल रामबाबु सापकोटाले सपथग्रहण गराउनु भएको छ।

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## मेरो घरको फूलबारी



समाट यादव

मेरो घरको सानो फूलबारीमा
फुल्छन् फुल धेरै थरिथरिका
फुलहरू मुस्कुराउँदा मनै रमाउँछ
प्रकृतिको उपहारले घरै बसाउँछ
मेरो घरको सानो फूलबारीमा
फुल्छन् फुल धेरै थरिथरिका।

फुलबारीको फुलसँग पुतलीको खेल।
हेर्दा धेरै खुसी लाग्छ माहुरीको मेल
साह्रै मन लाग्छ मलाई फूल टिप्न छुन
फुल जस्तै राम्रो अनि सबको प्यारो हुन
मेरो घरको सानो फूलबारीमा
फुल्छन् फुल धेरै थरिथरिका

हिजोको सानो कोपिला आज फुल भएछ
कोपिलामा बासना थिएन फुल मगमग आएछ।
सबै साथी छक्कै पर्छन् फुलबारीलाई हेरी।
झार फाल्छु फुल रोप्छु मैले फेरि फेरि
मेरो घरको सानो फूलबारीमा
फुल्छन् फुल धेरै थरिथरिका

*कक्षा-५*

## छोटे र मोटे

पुस्तक समीक्षा



सुवाङ्गी पौडेल

मैले पढेको पुस्तकको नाम छोटे र मोटे हो। यस पुस्तकका लेखक ध्रुव घिमिरे हुन्। यो पुस्तक कथा विधाको पुस्तक हो। यो पुस्तकको प्रकाशक कथालय काठमाडौं नेपाल हो। यो पुस्तक २०७३ फागुनमा प्रकाशित भएको हो र यो पुस्तक दोस्रोपटक छापिएको पुस्तक हो। यस पुस्तकमा ८० वटा पानाहरू रहेका छन्। यस पुस्तकको आईएसबिएन नम्बर ९७८ ९९३७ ५१५ हो।

यस पुस्तकका कथाहरूले मुसाहरूको विषयमा रोचक तरिकाले बताउन खोजेको छ। यो पुस्तक मुख्य शीर्षक मात्रै रहेको पुस्तक हो। त्यसैले यस पुस्तकमा छोटे र मोटे नाम गरेका मुसाहरूको बारेमा रमाइला कथाहरू वयान गरिएको छ। दुईवटा मुसाहरूको बारेमा लेखिएको यस पुस्तकमा एउटा मुसाले आइसक्रिम खाइरहेको र अर्को मुसा चाहिँ खेतको बीचमा हिँडिरहेको चित्र यस पुस्तकको ज्ञातामा देखाइएको छ। पुस्तकमा लेखिएको भाषा वा शब्दहरू पढ्न सजिलो र बुझिने खालका छन्। पुस्तकले भन्न खोजेको कुरा सहर भन्दा त गाउँ नै राम्रो छ। किनभने शहरमा फोहोर धुलो, धुवा, प्रदूषण, होहल्ला र मानिसहरूको बीचमा पनि आपसी मित्रताको सम्बन्ध सरसहयोगको भावना रहेको छैन भन्ने कथा मुख्य पात्र रहेको मोटे मुसाको तर्फबाट देखाउन खोजिएको छ। छोटे मुसाले गाउँको अवस्थालाई बताउन खोजेको छ। गाउँमा बस्ने छोटे मुसाले आफूलाई गाउँ नै मनपर्ने गाउँमा सफा हावा, स्वच्छ पानी, सरसहयोगी गाउँले, हरियाली वातावरण र छिमेकी छिमेकी बीचको मित्रता नै गाउँको सबैभन्दा ठूलो विषय हो भनेर देखाउन खोजेको छ।

मुसालाई पात्र बनाएर लेखिएको यस कथाले हाम्रो वास्तविक समाजको कुराहरुलाई देखाएको छ त्यसैले मलाई यो पुस्तक असाध्यै राम्रो लाग्यो। पढ्दै गर्दा मैले यस पुस्तकमा सच्याउनुपर्ने केही कमि-कमजोरीहरू देखिन। यो पुस्तक बालबालिकादेखि अभिभावकसम्मका गाउँमा बस्नेदेखि शहरमा बस्नेसम्मका सबै व्यक्तिलाई पढ्न सुझाव दिन्छु। यो पुस्तक पढेर हामीले आफू बसिरहेको ठाउँमा फोहोर गर्नु हुँदैन भन्ने कुरा सिक्न सक्छौं। यति राम्रो पुस्तकलाई धेरै धन्यवाद दिन चाहन्छु। *कक्षा-५*

## आमाबुबाको प्रश्न

पुस्तक समीक्षा



प्रसिद्दि केसी

मैले पढेको पुस्तकको नाम आमाबुबाको प्रश्न रहेको छ। यो पुस्तक घनेन्द्र ओझाले अनुवाद गर्नुभएको हो। यस पुस्तकको मूल विधा बालबालिकालाई बुझ्न सिकौं रहेको छ भने यो पुस्तक प्रालिबाट प्रकाशनमा ल्याइएको हो। यो पुस्तक पहिलो पटक २०७६ सालमा प्रकाशनमा आएको हो। यस किताबमा जम्मा १०५ पाना रहेका छन् यो पुस्तकको आईएसबीएन नम्बर ९७८ ९९ ३७८ ३६ २९ हो। हामीले यो पुस्तक २४९ मा बजारबाट सजिलै किन्न सक्छौं।

यस पुस्तकमा लेखकको लेख्ने तरिका सरल, स्पष्ट र शालिन रहेको छ। लेखकले अहिलेसम्म आमाबुबाको प्रश्न, आफ्नै मान्छेहरू, हराएपछि फेला परेको मान्छे जस्ता उत्कृष्ट कृतिहरू अनुवाद गरिसकेका छन्। यसमध्ये आमाबुबाको प्रश्न पहिलो अनुवाद कृति हो। यस पुस्तकभित्र पढ्नुपर्ने अभ्यासहरू धेरै रहेका छन्। समाजमा हुने गरेका विभिन्न घटनाहरूलाई परिकल्पनामा उतारेर लेखकले यस पुस्तकमा आफ्नो अनुभव, विचार र भोगेका कुराहरू लेख्नुभएको छ। यस पुस्तकको आकार सामान्यतया साधारण आकारको छ। यस पुस्तकको गातामा चारवटा मयुरको चित्र रहेको छ। पुस्तकको पछाडिको गातामा लेखक स्वयंको व्यक्तिगत परिचय लेखिएको छ। पुस्तक नेपाली भाषामा लेखिएको हुनाले यसमा लेखिएका शब्दहरू बुझ्न सजिलो खालका रहेका छन्।

यस पुस्तकले आमाबुबाले आफ्नो छोराछोरीसँग उचित समय बिताउनुपर्छ। उनीहरुलाई कुनै किसिमको दबाब दिनु हुँदैन। उनीहरुलाई आफ्नो साथी जस्तो व्यवहार गर्नुपर्छ। आफ्नो रुचि आफ्नो निर्णय आफै गर्न दिनुपर्छ भन्ने सन्देश दिन खोजिएको छ। आमाबुबाले आफ्नो कर्तव्य साथसाथै आफूले सन्तानप्रति गर्नुपर्ने जिम्मेवारीलाई पनि यस पुस्तकले महत्वको साथ उठाएको छ। मलाई यो पुस्तक पढ्दा रमाइलो र धेरै कुराहरू महत्वपूर्ण लागे, नयाँ विचारहरूलाई आत्मसाथ गरेँ। यस पुस्तकले मनोरञ्जन आत्मसन्तुष्टि र स्वास्थ्य लाभका कुराहरू पनि सिकाएको छ। आफूलाई विश्वास गर्नुपर्ने कुराहरुलाई पनि यस पुस्तकले महत्वको साथ उठाएको छ।

यस पुस्तकले समाजका विभिन्न समस्याहरूलाई विचार गर्न सिकाएको छ। आफैमा खुसी हुन सिकाएको छ, साथसाथै मनोरञ्जन प्रदान गर्ने भएकाले मलाई यो पुस्तक साह्रै मनपऱ्यो। यो पुस्तक परिवारका लागि महत्वपूर्ण विषयहरू लेखिएको हुनाले एकपल्ट सबै साथीभाइ लगायत आमाबुबाहरुलाई पढ्न सुझाव दिन्छु। यस पुस्तक पढेर हामीले आफ्ना कक्षाका किताब बाहेक बाहिरी ज्ञान पनि प्राप्त गर्न सक्छौ र हामीले आफ्नो व्यवहारमा सुधार पनि गर्न सक्छौं।

र अन्तमा यस पुस्तकको बारेमा म केही भन्न चाहन्छु कि यसमा लेखिएका अक्षरहरू कहीं कतै प्रष्ट छापिएका छैनन् त्यसकारणले गर्दा पढ्नलाई अलि असजिलो भएको छ र अर्को पटकको छपाइमा ती अक्षरहरु सुधारिएर छापियोस् भन्ने चाहन्छु।

*कक्षा-८*

# प्रादेशिक सडक गुरुयोजनामा झण्डै ८ अर्ब बजेट

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षबाट सडक पूर्वाधार विकासलाई व्यवस्थित गर्न गुरुयोजना निर्माण गरेर अघि बढ्ने भएको छ । प्रदेश सरकारले बजेट विनियोजनलाई व्यवस्थित गर्दै लगानी आकर्षित गर्ने उद्देश्यअनुसार प्रादेशिक सडक गुरुयोजना कार्यान्वयन गर्ने तयारी गरेको हो ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमा सडक तथा पुल निर्माणलाई व्यवस्थित गर्न उक्त गुरुयोजना कार्यान्वयन गर्ने तयारी गरेको हो । सरकारले वर्षेनि तर्जुमा गर्ने नीति, कार्यक्रम र बजेटमा सडक पूर्वाधार विकासलाई प्राथमिकता दिने गरी गुरुयोजना निर्माण गरिएको छ। विकासका बहानामा अव्यवस्थित रुपमा भइरहेको सडक खन्ने कामलाई पनि प्रादेशिक सडक गुरुयोजनाले नियन्त्रण गर्न भूमिका खेल्ने भौतिक पूर्वाधार विकास मन्त्रालयको विश्वास रहेको छ ।

प्राविधिक अध्ययनबिना जथाभावी सडक खन्ने क्रमभंग गरी वातावरणीय विनाश तथा विपद् जोखिमलाई नियन्त्रणमा महत्वपूर्ण हुने देखिएको मन्त्रालयको भनाइ छ । सुरुवातदेखि नै सडक पूर्वाधार विकासमा जोड दिँदै आएको बागमती प्रदेश सरकारको गत जेठ २२ गतेको मन्त्रिपरिषद् बैठकले प्रदेश सडक गुरुयोजना स्वीकृत गरेको थियो । सडक निर्माण, विस्तार र मर्मत तथा अन्य कुराको क्षेत्राधिकार स्पष्ट नहुँदा समस्या भइरहेको अवस्थालाई व्यवस्थित गर्न सो गुरुयोजनाले महत्वपूर्ण भूमिका खेल्ने भौतिक पूर्वाधार विकास मन्त्री युवराज दुलाल 'शरद'ले जानकारी दिनुभयो ।

कतिपय सडक निर्माणमा संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारको बजेट लगानी भइरहेको र उक्त असन्तुलनलाई गुरुयोजनाले नियन्त्रण गर्नेछ। सुरुवातिदेखि नै प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले विभिन्न स्थानीय र ग्रामीण सडक र केही प्रादेशिक सडक निर्माण तथा स्तरीकरणमा ठूलो रकम खर्च गर्दै आएको र त्यसको प्रतिफल प्राप्त हुन नसकेको मन्त्री दुलालको भनाइ छ। बिना योजना वर्षेनि जथाभावी सडक निर्माण र स्तरीकरणमा खर्च भइरहेकाले त्यसलाई मितव्ययी बनाउन सहयोग पुग्ने उहाँले बताउनुभयो ।

प्रदेश सरकारले प्रादेशिक गुरुयोजनाअन्तर्गत २ वटा सडक आयोजनाहरुमा विभाजन गरी विकास गर्ने तयारी गरेको छ। प्रदेश सरकारले प्रादेशिक सडक आयोजनाअन्तर्गत प्रदेश लोकमार्ग र प्रदेश मार्गको रुपमा विकास गर्ने तयारी गरेको छ। प्रदेश सरकारले प्रदेशका १३ जिल्लाका २५० वटा सडक पूर्वाधारमा लगानी केन्द्रित गर्नेगरी प्रादेशिक सडक गुरुयोजना कार्यान्वयनमा ल्याएको मन्त्री दुलालले बताउनुभयो । उहाँका अनुसार सरकार प्रादेशिक सडक गुरुयोजनामा प्रदेश मार्ग र प्रदेश लोकमार्ग निर्धारण गरी लगानी केन्द्रित गर्ने र स्तरीय, सुरक्षित सडकको रुपमा विकास गर्ने मोडलमा अघि बढेको हो ।

उक्त गुरुयोजनाअन्तर्गत प्रदेश सरकारले २० वटा प्रदेश लोकमार्ग र २३० वटा प्रदेश मार्गहरु छनौट गरी बजेट विनियेजन गरिएको उहाँले बताउनुभयो। प्रदेश सरकारले सो गुरुयोजनाअन्तर्गतका सडक पूर्वाधार निर्माणका लागि ७ अर्ब ७८ करोड ३० लाख रुपैयाँ बजेट विनियोजन गरेको र सो बजेट प्रदेश लोकमार्ग, प्रदेश मार्गमा समेटिएका ८० प्रतिशत आयोजनामा खर्च गर्ने मन्त्री दुलालले बताउनुभयो ।

सो सडक आयोजनाभन्दा बाहेक अन्य कुनै पनि आयोजनामा प्रदेश सरकारले लगानी नगर्ने, गरेको खण्डमा स्थानीय तहसँगको समन्वयमा सम्बन्धित पालिकाले नै खर्च गर्नेगरी रकम उपलब्ध गाउने तयारी रहेको उहाँले बताउनुभयो । प्रदेश सरकारले जनशक्ति व्यवस्थापन, बजेट परिचालन र विकासको मुल प्रवाह तथा उपलब्धीका विषयमा केन्द्रित भएर बजेटमा प्रादेशिक सडक गुरुयोजना कार्यान्वयन गरेको उहाँले बताउनुभयो ।

मर्मत तथा सुधारका काम सबै आयोजनामा लगानी गर्ने र प्राथमिकताको आधारमा पक्की, स्तरीय सडक निर्माणमा काम गर्ने सरकारको रणनीति रहेको छ। दातृ संस्थाहरुको सहयोगलाई आकर्षित गर्न पनि सो गुरुयोजना अत्यन्त फलदायी रहने उहाँको भनाइ छ । दातृ निकायको आग्रह र सल्लाहअनुसार प्रदेश सरकारले गुरुयोजना निर्माण गरेको मन्त्री दुलालले बताउनुभयो ।

मन्त्री दुलालका अनुसार प्रादेशिक सडक गुरुयोजना निर्माणका लागि कार्यविधि निर्माण गरी सो कार्यविधिले तोकेको मापदण्डअनुसार प्रदेश सरकारले सडक योजनाहरु छनौट गरेको हो । प्रादेशिक सडक ऐनले तोकेको मापदण्डअनुसार सडक निर्माण तथा स्तरोन्नति र विकासको काम क्रमशः अघि बढाउने उहाँले बताउनुभयो । प्रदेश सरकारले प्रदेश लोकमार्गअन्तर्गत भैंसे भीमफेदी कुलेखानी सिस्नेरी काठमाडौं सडकलाई 'राजधानी मार्ग', मनहरी आदमघाट सडक, झुरझुरे तालढुंगा सडक 'जनमुक्ति मार्ग', चौतारा सिपाघाट काठमाडौं सडक, मुढे मैलुङ सडक, धादिङबेसी तिप्लाङ स्याफ्रुवेसी सडक 'दमन पाखिन मार्ग', दोलालघाट चौरीदेउराली गुराँसे गाल्वा मन्थली सडक, सिन्धुलीमाडी चकमके कटारी सडक, पालुङ चित्लाङ थानकोट 'गणेशमान मार्ग'लगायत रहेका छन् ।

प्रदेश मार्गअन्तर्गत काठमाडौं चित्लाङ सडक 'इन्द्रसरोवर मार्ग', कुलेखानी फाखेल, मातातीर्थ काठमाडौं सडक 'चन्द्रागिरी मार्ग', सिमातघुम्ती जुरेली धियाल निजगढ सडक, कुलेखानी फाखेल काठमाडौं सडक, मनहरी चैनपुर, धादिङबेसी सुनौलो बजार खोस्रेटार गल्छी सडक, बागमती बख्खर सडक, चौतारा नवलपुर मेलम्ची सडक, हेटौंडा चक्रपथ, लेले चन्दनपुर ठूला दुर्लुङ सडक, बगुवा प्युटार आर्साङ गिम्की सडक, जिरोकिलो अम्बास भोर्ले पञ्चाङ दोक्लाङ सडक, चैनपुर खैरहनी खयरघारी सडकलगायत रहेका छन् ।

# साहित्य संगमको ३४२ औं नियमित साहित्य सन्ध्या सम्पन्न

समाज संवाददाता

हेटौंडाः साहित्य संगम मकवानपुरको ३ सय ४४ औं नियमित साहित्य सन्ध्या शनिबार सम्पन्न भएको छ । सन्ध्यामा स्व.गोविन्द खड्का तथा डा.गणेशकुमार पौडेलको स्मृतिमा विशेष रचना वाचन कार्यक्रम गरिएको हो ।

संगमका अध्यक्ष डीबी बर्तौलाको सभाध्यक्षता तथा साहित्यकार आरसी रिजालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो। कार्यक्रममा सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष राजकुमार लामिछानेले डा. पौडेलले कर्मथलो हेटौंडालाई बनाउँदै वि.स. २०२५ सालदेखि रचनाहरु लेख्न सुरु गरेको बताउनुभयो । पौडेलले धेरै विधाहरुमा कलम चलाए पनि हास्यव्यङ्ग्य क्षेत्रलाई नै कर्मथलो बनाउँदै ११ वटा कृति प्रकाशन गर्न सफल भएको लामिछानेले बताउनुभयो ।

स्व. पौडेलले २०५६ सालमा मन्त्री पुराण, अतितलाई फर्केर हेर्दा, बुढो गोरुले ओगटेको गाई हास्यव्यङ्ग्य कृति प्रकाशन गर्नुभएको थियो । २०५८ सालमा देवका पनि देव भ्रष्टेश्वर महादेव, २०६१ सालमा प्रतिनिधिसभा स्तोत्रम्, २०६३ सालमा गोरु महापुराण, २०६७ सालमा सुँगुरको महिमा, २०६९ सालमा ६ सय एकको क्रिया गरौं, २०७१ सालमा तँ को होस्, हामीलाई नै संविधान बनाएन भन्ने ? कृति प्रकाशन गर्नुभएको थियो । २०७२ सालमा आयो महाभूकम्प र २०७३ सालमा मुर्कट्टा नामक हास्यव्यङ्ग्य कृति प्रकाशित भएको उहाँले बताउनुभयो ।

स्व. पौडेलको हास्यव्यङ्ग्य बाहेक १८ वटा कृति रहेको सिस्नुपानी मकवानपुरका अध्यक्ष लामिछानेले बताउनुभयो । मकवानपुरको साहित्य क्षेत्रको विकासमा धेरै पुरस्कारको स्थापना गर्नुभएको स्व. पौडेल धेरै साहित्यिक संस्थाहरुबाट सम्मानित हुनुभएको जनाइएको छ । सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले स्व. गोविन्द खड्काको बारेमा चर्चा गर्नुभएको थियो ।

नेपाली लेखक संघ मकवानपुरका अध्यक्ष छवि अनित्यले श्यामप्रसाद स्मृति साहित्य सम्मान कार्यक्रममा साहित्यिकभन्दा पनि पार्टीगत कार्यक्रमजस्तो अनुभव गरेको बताउनुभएको छ । उहाँले कार्यक्रममा पार्टीगतरुपले ज्ञवालीलाई श्यामप्रसाद स्मृति साहित्य सम्मान २०८१ बाट सम्मान गरेको अनुभूति आफूले गरेको धारणा राख्नुभयो । साहित्य संगम कुनै पनि राजनीतिक दलहरुसँग नजोडिएको साहित्यिक संस्था भएका कारण पनि पार्टीगत दृष्टिकोण राख्न आवश्यक नरहेको बताउनुहुँदै उहाँले कुनै प्रकारको दवाव आएमा पार्टीलाई त्याग्नुपर्ने बताउनुभयो ।

साहित्य संगम मकवानपुरका सचिव मनोज पोखरेलले संगमले ज्ञवालीलाई पार्टीगत हिसाबले भन्दा उहाँको कामको मूल्यांकन गरेर सम्मान गरेको बताउनुभयो। हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको आर्थिक सहयोगमा हरेक वर्ष श्यामप्रसाद स्मृति साहित्य सम्मान प्रदान गर्दै आएको उहाँले बताउनुभयो। उहाँले थुप्रै रचनाहरु प्रकाशन भएका कारण सम्मान गरेको बताउनुहुँदै अनित्यलाई सल्लाह सुझाव दिएकोमा धन्यवाद व्यक्त गर्नुभयो । उहाँले प्रकाशन भएको कृतिहरुबारेमा बताउनुभएको थियो । ज्ञवालीलाई श्यामप्रसाद स्मृति सम्मान २०८१ बाट २५ हजार रुपैयाँ नगद राशि र सम्मानपत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा १५ जना साहित्यकारहरुले रचना वाचन गर्नुभएको छ । राजकुमार चौधरीले देश कसरी चल्छ ?, ऋषिराम पाण्डेले च्यात्तिएको गञ्जी, राजकुमार राउतले राई माइलाले गाउँ, सुवास सजलले चौतारो एक, संप्रस पौडेलले आँप, सानु खनालले दोस्रो बाटो र देवराज खरेलले लाज मान्छन् सम्मानपत्रहरु भन्ने शीर्षकमा रचना वाचन गर्नुभएको हो । अनिता पौडेलले मुक्तक र मिथिला अधिकारीले गजल वाचन गर्नुभयो । रमेशमोहन अधिकारी र जनार्दन खनालले पनि रचना वाचन गर्नुभएको थियो ।

# यु–२० जिल्ला छनोटमा २३ जना खेलाडी

समाज संवाददाता

हेटौंडाः यु-२० को जिल्ला छनोटमा मकवानपुरका २३ जना खेलाडी पर्न सफल भएका छन् । शनिबार मकवानपुर जिल्ला फुटबल संघले फेसबुक पेजमार्फत् २३ जना खेलाडीहरु जिल्लाबाट छनोट भएको जानकारी गराएको छ ।

हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा २ दिनको छनोट कार्यक्रम आयोजना गरेर २३ जनाको नाम सार्वजनिक गरिएको हो । मकवानपुर जिल्लाका एन्फा प्रशिक्षक विजयलाल श्रेष्ठको नेतृत्वमा खेलाडीहरुको प्रदर्शनी र उनीहरुको खल कौशलको आधारमा छनोट गरिएको छनोट प्रतियोगिताका संयोजक तथा जिल्ला फुटबल संघका उपाध्यक्ष युवराज लामाले जानकारी दिनुभएको छ ।

प्रतियोगितामा मकवानपुर जिल्लाबाट करिब ६० जना खेलाडीहरु सहभागी भएका हुन् । लामाको संयोजनमा बकैया गाउँपालिका, बागमती गाउँपालिका, थाहा नगरपालिका, हेटौंडा उपमहानगरपालिका र मकवनपुर गढी गाउँपालिकाका खेलाडीहरु सहभागी भएको उहाँले बताउनुभयो ।

अखिल नेपाल फुटबल संघले दक्षिण एसियाली फुटबल महासंघ (साफ)को कार्यक्रमअनुसार साउन ३२ गतेदेखि भदौ २ गतेसम्म हुन लागेको एसियन क्वालिफाइ प्रतियोगिताका लागि विभिन्न जिल्लाहरुलाई खेलाडी छनोट गर्ने निर्देशन दिएको प्रतियोगिता संयोजक तथा उपाध्यक्ष लामाले बताउनुभयो । जिल्लाबाट छनोट हुने २३ जना खेलाडीहरुलेआज सोमबार देखि सुरु हुने प्रदेशस्तरीय प्रतियोगितामा बागमती प्रदेशको १३ जिल्लाका खेलाडीहरुसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । प्रदेशबाट छनोट हुने खेलाडीहरु केन्द्रीयस्तर को प्रतियोगितामा सहभागी हुँदै एसियन क्वालिफाइ प्रतियोगितामा सहभागी जनाउन पाउनेछन् । जिल्लाबाट छनोट हुने खेलाडीहरुले यातायात खर्च आफैंले व्यहोर्नुपर्नेछ ।

# असार २० गतेदेखि मिलन धर्मराज स्मृति फुटबल

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा आगामी असार २० गतेदेखि प्रथम संस्करणको मिलन धर्मराज स्मृति नकआउट फुटबल प्रतियोगिता हुने भएको छ । शनिबार गाउँपालिकामा पत्रकार सम्मेलन गर्दै आयोजकले प्रतियोगिताबारे जानकारी गराएको हो ।

सिम्पानी युथ क्लबको आयोजनामा हुन लागेको प्रतियोगिता गाउँपालिका-८ स्थित सिम्पानी मैदानमा हुनेछ । २०७९ पुस २८ गते सवारी दुर्घटनामा परेर मृत्यु भएका मिलन धर्मराजको स्मृतिमा यस वर्षबाट प्रतियोगिता आयोजना लागेको प्रतियोगिताका संयोजक प्रकाश सुवेदीले जानकारी दिनुभएको छ ।

प्रतियोगितामा सहभागिता जनाउनका लागि १८ गतेसम्म टिमदर्ता गराउनुपर्ने संयोजक सुवेदीले बताउनुभयो। सहभागीका लागि दर्ता शुल्क ७ हजार रुपैयाँ तोकिएको छ। प्रतियोगिताको उपाधि र उपविजेताले प्राप्त गर्ने नगद पुरस्कार दुबै मृतकको परिवारले व्यहोर्ने उहाँले बताउनुभयो । प्रतियोगिता आयोजनका लागि मनोज मोक्तानले एक लाख ५० हजार रुपैयाँको नगर राशि सहयोग गर्ने घोषणा पत्रकार सम्मेलनमा गर्नुभएको छ । मनहरी गाउँपालिका खेलकुद विकास समितिका संयोजक बीरु लामाले प्रतियोगिताका लागि थप सहयोग गर्न आवश्यक रहेको बताउनुभयो ।

प्रतियोगिताका लागि खेल सामग्रीहरु गाउँपालिकाबाट प्राप्त हुनेछ । प्रतियोगिताका लागि व्यक्तिगतरुपमा सहयोग प्राप्त हुने बताइएको छ । प्रतियोगितामा करिब १६ वटा टिमको सहभागिता रहने आयोजकको अनुमान छ । प्रतियोगिताको विजेताले एक लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल प्राप्त गर्ने अध्यक्ष किरण सुवेदीले बताउनुभयो । विभिन्न स्थानका खेलाडीहरुबीच भातृत्व कायम गराउन, राष्ट्रिय खेलाडी उत्पादन गर्न र फुटबल खेलको महत्वबारे बुझाउन प्रतियोगिता आयोजना गर्न लागेको जनाइएको छ । फिफाको नियमअनुसार सञ्चालन हुने प्रतियोगितामा सहभागी प्रतियोगिहरुले कुनै प्रकारको झै-झगडा गरेमा प्रतियोगिताबाट बाहिरिनेछ ।

यस्तै, विधागततर्फ उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई ५-५ हजार रुपैयाँ नगद राशि र प्रमाणपत्र प्राप्त गरिनेछ । प्रतियोगिता अवधिभरको सर्वोकृष्ट खेलाडीले ७ हजार रुपैयाँ र ट्रफी प्राप्त गर्नेछन् । प्रतियोगिता आयोजनाका लागि करिब ७ लाख ८० हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

# रिलायन्स तेक्वान्दो डोजाङका विद्यार्थीहरुको ग्रेडिङ

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५ स्थित रिलायन्स तेक्वान्दो डोजाङका प्रशिक्षार्थीलाई बेल्ट ग्रेडिङको प्रमाणपत्र वितरण गरिएको छ। आइतबार रिलायन्स बोर्डिङ परिसरमा एक कार्यक्रमबीच डोजाङका १४ जना प्रशिक्षार्थीलाई ग्रेडिङको प्रमाणपत्र वितरण गरिएको हो। सहीद आकाश मेमोरियल क्याम्पसका अध्यक्ष विजय गौतमको प्रमुख आतिथ्य तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष केवशलाल श्रेष्ठको सभाध्यक्षमा प्रमाणपत्र वितरण कार्यक्रम भएको हो । कार्यक्रममा डोजाङका ४ जना छात्र र १० जना छात्राले ग्रेडिङको प्रमाणपत्र लिएका छन् ।

गत जेठ महिनाको २६ गते सिद्धार्थ माध्यमिक विद्यालयमा भएको ग्रेडिङ कार्यक्रममा सहभागी हुने विद्यार्थीलाई पनि प्रमाणपत्र वितरण गरिएको बताइएको छ। कार्यक्रममा डोजाङका प्रशिक्षक युसुफ हुसेनलाई सम्मान गरिएको छ । हुसेनले डोजाङका प्रशिक्षार्थीलाई कुशलतापूर्वक प्रशिक्षण दिएर उत्कृष्ट प्रशिक्षक बन्न सफल भएको भन्दै हुसेनलाई सम्मान गरिएको हो । हुसेनलाई सम्मान स्वरुप अभिभावक एवम् विद्यालय व्यवस्थापन समितिकी सदस्य विशेषता हाडाले ५ हजार रुपैयाँसहित सम्मान गर्नुभएको हो ।

कार्यक्रममा क्याम्पस सञ्चालक समितिका अध्यक्ष गौतमले विद्यार्थीले अतिरिक्त क्रियाकलापमा गरेको मिहिनेतको कारणले गर्दा राम्रो उपलब्धी हासिल भएको बताउनुभएको छ । पढाई सँगसँगै अतिरिक्त क्रियाकलापलाई पनि प्राथमिकता दिन आवश्यक रहेको उहाँले बताउनुभयो । कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापक अनु झाको पनि आतिथ्य रहेको थियो ।


**कर्मचारी सञ्चय कोषबाट धितोमा आधारित सापटी लिएका सञ्चयकर्तालाई ऋणको साँवा तथा ब्याजको किस्ता नियमित गर्ने सम्बन्धमा कोषको अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति : २०८१/०३/१०)

कोषबाट विभिन्न मितिमा घर सापटी, शैक्षिक सापटी, जग्गा खरिद कर्जा र घर मर्मत सापटी लिएका ऋणी सञ्चयकर्ताहरुले कोषलाई बुझाउनु पर्ने नियमित किस्ता (साँवा तथा ब्याज) रकम एवं कर्जाको भाखा नाघेका ऋणीहरुले कोषलाई भुक्तान गर्नुपर्ने सम्पुर्ण साँवा ब्याजको रकम मिति २०८१/०३/३० गते सम्ममा बुझाउन हुन सूचित गरिन्छ । सम्झौता अनुसार समयभित्र रकम नबुझाउने ऋणीहरुको नामावली राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरी प्रचलित कानून अनुसार असुली कारवाही अगाडी बढाईने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ। साथै त्रैमासिक रुपमा पाकेको ब्याज नियमित रुपमा बुझाएमा ब्याज रकममा ०.२५ प्रतिशत छुट हुने व्यवस्था रहेको व्यहोरा समेत अनुरोध छ ।

KYC अध्यावधिक गरेका सञ्चयकर्ताहरुले ऋण रकमको साँवा/ब्याज रकम www.connectips.com मा Log In गरी Semi Government Payment System को EPF छनौट गरी Connect IPS मार्फत तिर्न सकिने । साथै तल उल्लेखित बैंकमा सम्पर्क गरी सोही बैंक मार्फत तिर्न सकिने व्यहोरा अनुरोध छ । साथै ग्लोबल आईएमइ बैंक मार्फत ऋण तिर्नुहुने सञ्चयकर्ताहरुले भौचरको सक्कल प्रति यथाशिघ्र यस कार्यालयमा उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

**रकम दाखिला गर्ने बैंकहरूको नाम र खाता नम्बरहरू :**

| क्र.सं. | बैंकहरुको नाम | खाता नम्बर | कैफियत |
| --- | --- | --- | --- |
| १.<br>२.<br>३. | माछापुछ्रे बैंक<br>हिमालयन बैंक<br>NIC Asia Bank | कोषको खाता नं. उल्लेख गर्न नपर्ने | बैंकमा सम्पर्क गरी बुझाउन सकिने |
| ४. | ग्लोवल आईएमइ बैंक | ३०४०१०१०००१३३० | नगद तथा चेक भौचर मार्फत रकम जम्मा गरि सो को भौचर कोषमा पठाउनु पर्ने । |

Mail Id : hetauda@epf.org.np, Viber No. ९८४०३६७८४१

**भौचर भर्दा अनिवार्य उल्लेख गर्नु पर्ने कुराहरु :-**

१.क.सं.कोष नम्बर, २.UCIN/KYC नम्वर, ३.ऋणीको नाम, ४.ऋणको किसिम (घर सापटी, शौक्षिक सापटी, जग्गा खरिद सापटी र घर मर्मत सापटी, विशेष सापटी), ५. मोबाईल नम्बर

**कर्मचारी सञ्चय कोष**

शाखा कार्यालय हेटौंडा

फोन नं. ०५७-५२४३६४


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ